नगर कार्यपालिकाको
बैठक संख्या ३१।२०७९-०८४
मिति २०८०।६।२ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ३१, २०७९-२०८४)

मिति : २०८० असोज २ गते

निर्णयहरुः

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. नगरपालिकामा रहेका कृषि तथा पशुपालनमा आबद्ध कृषकहरुको समुह गठन एवं सञ्चालनलाई व्यवस्थित गर्न कोहलपुर नगरपालिकाको कृषक समुह गठन तथा व्यवस्थापन निर्देशिका, २०८० मा छलफल भयो । उक्त निर्देशिकामा प्राप्त राय सुझाव समेटी स्वीकृत गर्ने ।

३. कोहलपुर नगरपालिकाको नगरसभाबाट स्वीकृत भई बोलपत्रका माध्यमबाट कार्यान्वयन गरिने योजनाहरुको लागत अनुमान तयार गर्दा कुल विनियोजित बजेटको २० प्रतिशत रकम थप गरी लागत अनुमान तयार गर्ने र योजना कार्यान्वयनका लागि विनियोजित रकम नपुग रकम कोहलपुर नगरपालिकाको समपुरक कोषबाट व्यहोर्ने ।

४. नयाँ बसपार्कमा निर्माण भएका धाराहरु प्रयोगकर्ताको लापरवाहीका कारण तोडफोड गरी मर्मत गर्नुपर्ने भएको भनी जानकारी प्राप्त हुन आएकोले सम्बन्धित बस व्यवस्थापन समितिको निर्णय, प्रहरी सर्जमिन मुचुल्का लगायतका अन्य विवरण माग गरी प्राविधिकबाट स्थलगत निरीक्षण गराई लागत अनुमान तयार बमोजिमको रकम भैपरी आउने पुँजिगत खर्च शीर्षकबाट उपलब्ध गराउने ।

५. जटायु रिसाइक्लर्स प्रा.लि. बाट फोहरमैलाको दररेट हेरफेरका विषयमा प्राप्त भएको निवेदनका सम्बन्धमा छलफल गर्दा फोहरमैलाको व्यवस्थापनका विषयमा छनौट गरिएको उक्त सेवा प्रदायक संस्थाको कार्यको विषयमा प्राप्त गुनासा, उक्त संस्थाले प्रदान गरी आएको सेवाको गुणस्तरीयता, उक्त संस्थासँग गरिएको सम्झौता, संस्थाले दररेट हेरफेरका विषयमा पेश गरेको आधारहरु र सोको औचित्यता, समान प्रकृतिका सेवा प्रदायकहरुले प्रदान गरेको सेवाको वस्तुस्थिति र तुलना आदिको विश्लेषण गरी १५(पन्ध्र) दिनभित्र प्रतिवेदन पेश गर्न देहाय बमोजिमको एक समिति गठन गर्ने ।

| | |
|---|---|
| क. ईश्वरी प्रसाद बिश्वकर्मा, संयोजक, सामाजिक विकास समिति | संयोजक |
| ख. ओपेन्द्रनाथ योगी, वडा अध्यक्ष, वडा नं ९ | सदस्य |
| ग. कल्पना शर्मा, वडा अध्यक्ष, वडा नं ११ | सदस्य |
| घ. नगर प्रहरी प्रमुख, कोहलपुर नगरपालिका | सदस्य |

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ३१।२०६९-०७४
मिति २०८०।६।२ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

ङ. आलेप सहायक, कोहलपुर नगरपालिका — सदस्य

च. वातावरण शाखा प्रमुख, कोहलपुर नगरपालिका — सदस्य-सचिव

६. गत आर्थिक वर्षसम्म कोहलपुर नगरपालिकाभित्र रहेका सम्पूर्ण जिन्सी सामाग्रीहरुको निरीक्षण गरी पेश भएको जिन्सी निरीक्षण प्रतिवेदन अनुमोदन गरी प्रतिवेदनले लिलाम गर्नुपर्ने भनी औंल्याएका जिन्सी सामाग्रीहरुको लिलामीको प्रकृया अघि बढाउने ।

७. नगरसभाको नीति तथा कार्यक्रम एवं अघिल्ला कार्यपालिका बैठकबाट निर्णय भए बमोजिम स्थापना हुने पशु सेवा केन्द्रहरु सञ्चालनका लागी उपलब्ध गराईएका भवनहरुको आवश्यक मर्मत सम्भार एवं व्यवस्थापन खर्च शीर्षकबाट गर्ने र भवन व्यवस्थापन भए पश्चात सेवा केन्द्रहरु सञ्चालन गर्ने ।

८. कोहलपुर नगरपालिकाको चालु आ.व. २०८०/०८१ को प्रथम चौमासिकमा भए गरेका विकास निर्माण तथा सेवा प्रवाह विषयक सार्वजनिक सुनुवाई कार्यक्रम २०८० साल असोज २६ गते शुक्रबार २ बजे गर्ने ।

९. कोहलपुर नगरपालिकाको कार्य प्रणालीलाई व्यस्थित गर्न देहाय बमोजिमको जिम्मेवारी देहायका कर्मचारीहरुलाई तोक्ने ।

| सि नं | विवरण | जिम्मेवार व्यक्ति | सहयोगी व्यक्ति | कैफियत |
|---|---|---|---|---|
| १ | FRA Focal Person | लेखा अधिकृत, युवराज अधिकारी | सू.प्र.अ. सागर चौधरी | |
| २ | सूचना अधिकारी | अधिकृत सातौं, शिक्षा, रविलाल मिजार | सू.प्र.अ. सागर चौधरी | |
| ३ | LISA Focal Person | अधिकृत छैठौं, द्रोण बोहोरा | क.अ. लक्ष्मण बि.सि | |

१०. यस नगरपालिकाको स्वास्थ्य बिज्ञमा फिजिसियन कन्सल्टेण्ट लेक्चरर डा. शिशिर रेग्मीलाई नियुक्त गर्ने । साथै बिज्ञ तथा सल्लाहकार नियुक्ति सम्बन्धी कार्यबिधि, २०७९ बमोजिम सेवा सुविधा उपलब्ध गराउने ।

११. कोहलपुर नगरपालिका अन्तर्गत ज्यालादारीमा नियुक्त गर्ने भनी निर्णय गरिएका पदहरु तथा साबिकमा ज्यालादारीमा नियुक्ति भई जुनसुकै कारणबाट रिक्त हुन आएको पदमा नगरप्रमुखको सिफारिशमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गर्ने गरी निर्देशन दिने ।

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ३९। २०७९-०८०
मिति २०८०।६।२ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

१२. कोहलपुर नगरपालिका अन्तर्गत स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुमध्ये फाजिलमा परेका कर्मचारीहरुको तलब सुविधाका सम्बन्धमा आवश्यक निर्देशनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने ।

१३. कोहलपुर नयाँ बसपार्क उद्घाटन कार्यमा व्यवस्थापन र सरसफाई कार्यमा खटिएका जनशक्तिहरुको २२ दिनको ज्याला नगर प्रहरी तथा विपद व्यवस्थापन शाखाको सिफारिशमा भैपरी आउने पुँजिगत खर्चबाट भुक्तानी दिने ।

१४. नापी कार्यालय, कोहलपुर बाँकेको कार्यालय व्यवस्थापनका लागी सामाग्री उपलब्ध गराई सहयोग गरी दिनु हुन भन्ने व्यवहोराको पत्र प्राप्त भएकोमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट रु.३ लाखमा नबढने गरी खर्च गर्ने गरी पत्रमा माग भए बमोजिमका मेशीनरीजन्य सामाग्री खरिद गरी हस्तान्तरण गर्ने एवं एल्मुनियम पार्टीसन कार्यका लागि आवश्यक सबै काम सम्पन्न गरी बील भरपाई साथ प्राप्त हुन आएमा भुक्तानी दिने ।

१५. बाह्रौ नगरसभाको निर्णय अनुसार साविकको शम्सेरगञ्ज स्वास्थ्य चौकी कोहलपुर १५ लाई स्तरोन्नती गरीएको नगर स्वास्थ्य प्रबर्धन केन्द्र स्थापना एवं व्यवस्थापनका क्रममा भएको खर्च एकिनका लागी कार्यपालिकाको मिति २०८०/०२/२६ को निर्णयानुसार सामाजिक विकास समितिका संयोजकको नेतृत्वमा गठित समितिले पेश गरेको प्रतिवेदन सिफारिस बमोजिम भुक्तानी हुन बाँकी रकम रु १ लाख ८१ हजार ८ सय ३९ रुपैयाँ २० पैसा नगरपालिकाको दायित्वबाट भुक्तानी दिने ।

१६. राष्ट्रिय भूमि आयोगको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण गर्ने विषयमा देहाय बमोजिम गर्ने

क. राष्ट्रिय भूमि आयोगको भुमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण प्रयोजनार्थ यस नगरपालिका अन्तर्गत जग्गा नापजाँच कार्यका लागि विगतदेखि ज्यालादारीमा अमिन पदमा कार्यरत ११ जना कर्मचारीहरुलाई यस नगरपालिकाको भूमि सम्बन्धी अधिकार सम्पन्न समितिको सिफारिस बमोजिम साबिक बमोजिम सेवा सुबिधा पाउने गरी दैनिक ज्यालादारीमा कामकाजमा लगाउने ।

ख. आ.ब. २०७९/०८० को वडा नं. २ को भूमि सम्बन्धी काम अतिरिक्त समयमा गरे वापत भूमि सम्बन्धी अधिकार सम्पन्न समितिको सिफारिस बमोजिम भूमि तर्फ बिनियोजित बजेटबाट खर्च

घोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ३१।२०७९-०८४
मिति २०८०।६।१२ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

हुने गरी वडा नं. २ मा कार्यरत अ.स.ई. श्री लक्षिराम नेपालीलाई रु.८,५००।- भुक्तानी गर्ने ।

ग. भुमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण प्रयोजनार्थ यस कोहलपुर नगरपालिका वडा नं. ९ मा रहेका भूमिहिन दलित र भूमिहिन सुकुम्बासीहरुको तपसिलको विवरण बमोजिम भूमिसुधार तथा मालपोत कार्यालय, बाँकेबाट भेरिफिकेसन भै आएकोले नापजाँच कार्यका लागी राष्ट्रिय भूमि आयोग जिल्ला समिति बाँकेमा पठाउने।

तपसिल

| सि.नं. | वडा नं. | भुमिहिन दलित, भूमिहिन सुकुम्बासी | अव्यवस्थित बसोबासी |
|---|---|---|---|
| १ | ९ | ७५ जना | ८०१ जना |

१७. भेरी कर्णाली अस्पताल, कोहलपुर ११, बाँके र कोहलपुर सिटी अस्पताल प्रा.लि., कोहलपुर ११, बाँके ले नविकरणका लागी निवेदन पेश गरेकोमा कोहलपुर नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण निर्देशिका पहिलो संशोधन २०७८ बमोजिम दोब्बर दस्तुर लिई गरी नविकरण गर्ने ।

१८. कोहलपुर नगरपालिकाको आ.व. २०८०/०८१ को समानीकरण अनुदानतर्फ गोल्डकप प्रतियोगिताका लागि विनियोजन भएको रकम रु २० लाख बाट फुटबल विधामा गोल्डकप सञ्चालनका लागि शिक्षा तथा खेलकुद शाखाबाट रेसिङ सहारा क्लबसँगको साझेदारी, समन्वय र सहकार्यमा सञ्चालन गर्ने ।

१९. कोहलपुर नगरपालिकाको जिन्सीमा अभिलेख जनिएका १५ वटा काठको खाट योग एवम् प्राकृतिक स्वास्थ्य समाज नेपाल कोहलपुर २ ले प्रयोग गर्दै आईरहेकोमा उक्त खाट सम्बन्धित अस्पताललाई नै हस्तान्तरण गरी नगरपालिकाको अभिलेखबाट कट्टा गर्ने ।

२०. कक्षा ३ देखि ५ को पाठ्यपुस्तक छपाई कार्यका लागि विगतमा दिईएको कार्यदेश बमोजिमको कार्यको भुक्तानी स्थानीय पाठ्यपुस्तक निर्माण तथा पाठ्यक्रम प्रबोधीकरण शीर्षकबाट गर्ने ।

२१. आ.ब. २०८०/०८१ को वडा सिलिङ्मा विनियोजित बजेट मध्ये ८ नं वडा कार्यालयको मिति २०८०/०५/१८ गतेको वडा समितिबाट निर्णय गराई पेश गरेको योजना/कार्यक्रम संशोधन एवं ब्रेकडाउन आगामी नगरसभाबाट अनुमोदन हुन गरी स्वीकृत गर्ने ।

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ३१/२०७९-०८४
मिति २०८०।६।१ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

<u>शीर्षक नं. ३०३ को प्रशासनिक खर्चको ब्रेकडाउन</u>

| क्र.सं. | खर्चको विवरण | प्रथम त्रैमासिक | द्रोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कर्मचारी व्यावस्थापन | | ५०,००० | ५०,००० | ५०,००० | |
| २. | कार्यालय सामाग्री | २५,००० | २५,००० | २५,००० | २५००० | |
| ३. | मसलन्द तथा मर्मत | २५,००० | २५,००० | २५,००० | २५००० | |
| ४. | विधुत तथा संचार | १५,००० | २०,००० | २०,००० | २०००० | |
| ५. | पत्रपत्रिका शुभकामना तथा सुचना | १०,००० | १५,००० | १०,००० | १५,००० | |
| ६. | विभिन्न कार्यक्रम | ४०,००० | २०,००० | २०,००० | २०,००० | |
| ७. | अतिथी सत्कार | १०,००० | १५,००० | १५,००० | १०,००० | |
| ८. | इन्धन | १०,००० | १०,००० | १५,००० | १५,००० | |
| ९. | विविध | १५,००० | १०,००० | १०,००० | १५,००० | |
| | जम्मा | १५०,००० | १९०,००० | १९०,००० | १९५,००० | |

<u>योजना तथा कार्यक्रम ब्रेकडाउन(वडा नं. ८)</u>

| क्र.सं. | सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३०४ | भाषा, कला,साहित्य, सांस्कृतिक प्रवर्द्धन | भाषा संरक्षण | ५०,००० | |
| | | | कला सामाग्री हस्तान्तरण | २५०,००० | |
| २ | ३०६ | वडा नं. ८ आर्थिक विकास तर्फ | सिचाँई कुलो | ५,००,००० | |
| | | | सिचाँई उपकरण | ६०,००० | |
| | | | कृषि तालिम तथा बिउबिजन | ४०,००० | |
| ३ | ३०७ | वडा नं. ८ शिक्षा तर्फ | शिक्षक/कर्मचारी तलब व्यवस्थापन | १,५०,००० | |
| | | | भौतिक पूर्वाधार तथा खानेपानी व्यवस्थापन | ४,००,००० | |
| | | | शैक्षिक सामाग्री तथा न्यानो कपडा | ५०,००० | |

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ३१।२०८१-०८
मिति २०८०।६।१२ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

| क्र.सं. | सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | | वितरण | | |
| ४ | ३०८ | विपद् व्यावस्थापन तथा खानेपानी | समर्शेल तथा कुवा धारा निर्माण | १,५०,००० | |
| | | | बाटो मर्मत तथा ग्राबेल | १,५०,००० | |
| ५ | ३१५ | धार्मिक स्थल पुर्वाधार विकास | औराहा बाबा मन्दिर | २,००,००० | |
| | | | थारु गाउँ शिव मन्दिर | ५०,००० | |
| | | | मधेसी गाउँ शिव पार्वति मन्दिर | ५०,००० | |
| ६ | ३१७ | विविध तथा भैपरी आउने खर्च | नाला, बाटो मर्मत तथा ग्राबेल | ४,५०,००० | |
| | | | पोल व्यवस्थापन | ५०,००० | |

२२. लुम्बिनी प्राविधिक विश्वविद्यालयको च.नं ८८ मिति २०८०/०५/१२ गतेको पत्रानुसार लुम्बिनी प्राविधिक विश्वविद्यालयमा चालु शैक्षिक वर्षदेखि सञ्चालन हुन लागेको स्नातक तथा स्नातकोत्तर कार्यक्रममा विश्वविद्यालयले लिने प्रवेश परीक्षामा उत्तीर्ण हुने विद्यार्थीहरुमध्ये कोहलपुर नगरपालिकाको स्थायी वासिन्दा गरीब तथा जेहेन्दार एकजना विद्यार्थी प्रयोजन गर्ने ।

२३. कोहलपुर आवास खानेपानी तथा सरसफाई घुम्ती कोष समितिको मिति २०८०/०५/२१ गतेको निर्णयानुसार आवास, खानेपानी तथा सरसफाई कोषमा कोहलपुर नगरपालिकाको समपुरक कोषबाट व्यहोर्ने गरी रु २२ लाख जम्मा गर्ने ।

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत